# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं ज्येष्ठ २ गते २०१२ साल

भाग ४

## खाद्यविभागको विज्ञप्ति

का. खा. हब।१०५।७६।०१२ २२-१-०१२

यही आदित्यवार २५ गतेका दिनदेखि काठमाडौं इलाकाका जनतामा राशन-कार्ड बाँडिन शुरू भयो। यो राशनकार्ड सकभर चाँडो वितरण भै राशन पसल खुली सरकारले सरल मोलमा दिलाउने चामल यी पसलबाट बिक्री हुनेछ। काठमाडौं, ललितपुर र भक्तपुर सबै ठाउमा राशन-कार्ड वितरण भए पछि सरकारबाट यो मितिदेखि यो मितिसम्म यही राशन-कार्ड लिनेलाई यस दरले जनही यति चामल पाउनेछ भन्ने सूचना दिइनेछ। सो चालु नहुन्जेलसम्म हाल विक्री भएके ठाउँ ठाउँमा खुलेका पसलबाट बिक्रीको काम चालु नै हुनेछ।

यसै सूचनाद्वारा यो पनि सूचित गरिन्छ कि खाद्यविभागबाट विज्ञप्ति गरिए बमोजिम आफ्ना संघभित्र परेका जनताले संघले तोकिदिएको ठाउँमा खटिएका सरकारी अफिसरबाट नियमबमोजिम राशन-कार्ड वितरण हुने हुनाले





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सो कार्ड लिन उपस्थित हुनुहोला । यो राशन–कार्ड सरकारले बनाएको नियम-बमोजिम राशन–कार्डद्वारा चामल पाउनुपर्ने ठहरिएका सबै जनताले पाउने नै हुँदा सबैले शान्तिपूर्वक लिदिने अनुरोध गरिएको छ । कसैले पाउन छुट भएमा वा केही भन्नुपरेमा आफ्नो इलाका संघद्वारा यस विभागमा रिपोर्ट गर्न लाग्नुहोला कुन कुन टोलमा कुन कुन दिनमा वितरण हुने हो रेडियोद्वारा विज्ञप्ति हुनेछ र संघ केन्द्रबाट पनि चाहिने टोल संघलाई सूचना गरिनेछ ।

पसल राख्न इच्छा हुनेले तलका नियममा रही काम गर्नुपर्छ ।

१. यो पसलमा खाली राशनको चामल मात्र बिक्री हुनुपर्दछ ।

२. यसमा–'सरकारी राशन पसल' भन्ने साईन बोर्ड टाँगिएको हुनुपर्दछ ।

३. यसमा राशन–कार्ड लिई पाउने मानिसले आफूले लिएको चामलको निस्सा पसलेको किताबमा लगाइदिनुपर्छ र पसलेले पनि खाद्यविभागबाट निस्सा लगाएर खाद्यविभागले दिएको नमूनाबमोजिमको किताप आफ्नै खर्चबाट खडा गरी राख्न पर्दछ बिक्रीलाई आएको चामलको आम्दानी कती बिक्री भएको मोठ अंक भोलिपल्ट बिहानसम्ममा खर्च लेखी सक्नुपर्छ । औ मैन्हा नाघेका ७ दिनभित्र मास्केवारी संघको निस्सा लगाई खा. वि. मा दिनुपर्छ

४. यो पसल दिनभर खुला राख्नुपर्दछ ।

५. सरोकारवाला सरकारी कर्मचारी र संघ केन्द्र र संबन्धित संघका खा.वि.बाट जाँच्ने ईजाजत लिई आएका व्यक्तिहरूले जाँच्न चाहेमा जुन टायममा पनि जाँच्न दिनुपर्दछ ।

६ यो पसलेले खाद्यविभागबाट लाइसेन्स लिनुपर्दछ । लाईसेन्स–दस्तुर मोरु १०। तिर्नु दछ । हरेक पसलबाट करीव ४००० जनता अन्दाजी ६०० -घरको लागि चामल बिक्री हुन्छ ।

७. पसलेले घटीमा १५ दिन र बढीमा १ मैन्हा सम्मको चामल पहिले नै रुपैयाँ दिई उठाउनुपर्दछ र सो लगेको चामल सुरक्षितसँग एक ठाउँमा राख्नु-पर्दछ । अर्को पटकको लागि हर्जा नहुने गरी उठाइसक्नुपर्दछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. बिक्री गर्ने पसलेले पाथी पुगेसम्ममा पाथीबाट बिक्री गर्नुपर्छ । बिक्री भएको रुपैयाँको सयकडा १ कमिशन पाउनेछ । बोरासहित २ मनको १ मुरी चामल कायम गरिनेछ ।

९. बिक्रीलाई आउने चामल सरकारबाट मोटरद्वारा ढुवानी गरी दिनेछ ।

१०. बिक्रीलाई आएको चामल कुनै किसिमबाट हिनामिना वा कालो बजार गरेमा समेत भैरहेका ऐन सवालबमोजिम सजाय हुनेछ ।

११. पसले लेख्न पढ्न जान्ने हुनुपर्दछ ।

१२. जुन टोल ईलाकामा पसल रहनेछ त्यसै टोल-संघको सिफारिससाथ दरखास्त दिनु पर्दछ ।

१३ बोरा सरकारी नै हुने हुँदा लगेको बोरा फिर्ता गरी अर्कोपाल उठाउनु पर्दछ।

आज्ञाले —

देवीप्रसाद गिरी

का. मु. सेक्रेटरी—खाद्यविभाग

## खाद्य विभागको विज्ञप्ति

का.खा.इल. १०५।८२।०१२ २६–१–०१२

हाल महरु १। को ४ मानाका दरले टोलटोलमा पसल खोली सरकारबाट नोकापनी सही बेहान बेलुका २ टायममा बिक्री गराई आएकोमा अब धेरै टोलमा पसल खुली सकेको छ र कहीं कहीं छुटेको ठाउँमा पनि पसल खोलिदैछ । अब आजदेखि राशनकार्डबाट चामल पाउने व्यवस्था गर्ने कार्ड वितरण पनि शुरु भएको छ । यता सरकारी साक्षीहरूले कार्ड बाँड्ने काममा पनि लाग्न पर्ने हुँदा र धेरैको भनाई चामल बिक्री गर्ने १ टायम भए हुने थियो भन्ने र संघ केन्द्रको पनि यही आग्रह हुँदा सोहीबमोजिम ०१२ साल वैशाख २३ गतेदेखि बेहान बेलुका २ टायम बिक्री गर्ने चामल बेहान १ टायम मात्र बिक्री गर्ने भएको हुँदा सबैमा विदित होस् भन्नाका लागि यो विज्ञप्ति प्रकाशित गरेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

यस विज्ञप्तिद्वारा यो पनि सूचित गरिन्छ कि आज वटु सुरक्षासंघ अन्तरगत दुर्गबहील, भोसिको, चिकंअट, महाबौद्ध, मासङ्गल्ली, प्यूखा, गुच्चाटोल, सवलबहाल, डौबहाल, फसीकेब, मिखाँटां, वटु धाराचोक, वटु भद्रकाली, तहबहालमा ३ डो र खटिई राशन—कार्ड बाँढने काम शुरु भएको छ। यो काम बेहान ७ बजेदेखि १० बजेसम्म र बेलुकी ४ बजेदेखि ७ बजेसम्म चल्नेछ। जनताबाट सरकारले सोधेको कुरा फारममा भराई यस काममा खटिएका सरकारी कर्मचारी र टोल–रक्षासंघका संयुक्त डोरबाट आफ्नो आफ्नो राशन—कार्ड लिनु होला। राशन—कार्ड लिँदा राशन—कार्डको नियम राम्रो बुझी, यस व्यवस्थाबाट चामल लिन आवश्यक भएकाले मात्र यो कार्ड लिनुहोला। राशन-कार्डको नियम यस प्रकारको छ:—

१. यो कार्ड आफ्नु आउने अन्न आयस्ताबाट खान पुग्नेले लिन हुँदैन।

२. आफ्नु आउने अन्न आयस्ता र अरू पेशाबाट आउने समेतबाट खान पुग्नेले पनि लिन मनाही छ।

३. आफूसँग भएका धान चामलबाट पुगेसम्म पनि यो कार्डबाट चामल किन्न हुँदैन।

४. यो कार्ड लिनको मनाइ अनुसार लेखी बाँडने हुँदा झुट्टा कुरा लेखाउन हुदैन। कुनै किसिमबाट उजुर पर्न गई सो झुट्टा कुरा लेखी यो कार्ड लिएको ठहरिएमा १ महिना कैद हुनेछ र कार्ड ली चामल पनि लिएमा लिएको चामलको बजारको भाउ मोहरु १। को २। मानाको दरबाट बढी परेको नोक्सानी बिगो लिई बिगोबमोजिम दण्ड गरी २ दुइ महिना कैद गरिनेछ।

५. उक्त १–२–३ दफाबमोजिमकोले बाहेक अरूले यो कार्डबमोजिम सरकारी पसलबाट सरकारी दरमा चामल किन्न पाउनेछ।

६. सो दिएको चामलबाट अनुचित्त फाइदा उठाउन र सो चामल लिई अरूलाई दिन, बिक्री गर्नसमेत मनाई गरिएको छ। सो गरेमा १५ दिन कैदै गर्ने र बिक्री गरेमा कालोबजार ऐनबमोजिम सजाय हुनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. सो लिएको दामलबाट जाँड रक्सी बनाउन पनि मनाई गरिएको छ। सो गरेमा अरु ऐनबाट हुने सजायमा १ एक महिनासम्म कैदै गर्नेछ।

८. उपरोक्त दफामा लेखिएको कुन कसूर जागीरदारबे गरेमा नोकरीबाट पनि अलग्ग गरिनेछ।

९. ७ दिनको पटक गरी लिन नसक्नेले ७ दिनभन्दा घटी जति दिनको पनि पटक गरी पाउनेछ। बढीमा ७ दिनसम्मको एकै पटक पाइनेछ।

१०. यो राशन–कार्डमा लेखिएको परिवार संख्या घटबढ भएमा खाद्यविभागमा आई लेखाउनुपर्छ। कुनै किसिमबाट घटेमा पनि त्यसको राशन लिन हुँदैन। लिएमा ४ दफाबमोजिम नोक्सानी लिई बिगोबमोजिम दण्ड गरी २ दुइ महिना कैदै गरिनेछ।

११. यो राशन कार्डबाट सरकारबाट तोकिएको मितिदेखि तोकिएको दरबाट तोकिएबमोजिम पाउनेछ। परदेश गएकाको राशन लिन पाइनेछैन। सो लिएमा पनि उक्त १० दफाबमोजिम गरिनेछ।

यही मङ्गलवार २७ गते थापाथली, कुरिया गाउँ सुव्यवस्था संघ, शान्ति–रक्षा-संघ त्रिपुरेश्वर र भैरव शान्ति–सुरक्षासंघ गोफले, जन सुरक्षा संघ पचलीमा माथि उल्लेख गरिएबमोजिम बेहान बेलुकी राशनकार्ड वितरण हुने हुँदा त्यस इलाकाका जनतालाई पनि शान्तिपूर्वक आफ्ना आफ्ना राशन– कार्ड लिने अनुरोध गरिन्छ।

उपरोक्त थापाथली कुरिया गाउँ सुव्यवस्था संघ, शान्ति–रक्षासंघ त्रिपुरेश्वर र भैरव शान्ति–सुरक्षासंघ गोफलेगरी जन–सुरक्षासंघ पचली अन्तरगतका जनताको निमित्तमा ११९ जम्मा २ दुइ राशन पसल राख्ने दा २३ गते प्रकाशित भएको पसले राख्ने नियमबमोजिम इच्छुकहरूले आफ्नो टोल संघमार्फत खाद्यविभाग राशन फाँटमा नियमपूर्वक दरखास्त दिन आउनुहोला।

आज्ञाले—
देवीप्रसाद गिरी
का.मु.सेक्रेटरी—खाद्यविभाग.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# खाद्यविभागको सूचना

का. खा. इब १०५।१०।०१२ मिति २०१२।१।२८।४

यही २५ गतेदेखि राशन–कार्ड बाँड्नै काम शुरू भयो। आजसम्म बटु सुरक्षा संघ र शान्ति रक्षासंघ त्रिपुरेश्वर अन्तरगतका टोल इलाकाका ११ हजार जति जनताले पाउने राशन–कार्ड वितरण भयो। भोली थापाथली, कुरिया गाउ संघ, भैरब शान्ति सुरक्षा-संघ गोफले र जनसुरक्षासंघ पचली अन्तर्गत राशन–कार्ड बाँडीने भएको छ। पर्सि शुक्रवार ३० गतेदेखि तपसीलका टोलमा क्रमैसित दिनको १।२ संघ अन्तर्गत भित्र कार्ड बाँडिनेछ र सो वितरण सकिएपछि बराबर यसै हिसावसँग नामावली प्रकाशित गरिनेछ र काठमाडौंमा शान्तिसुरक्षा स्वयंसेवक संघ केन्द्र–अन्तर्गतका टोल इलाका-भित्रका जनतालाई कार्ड वितरण हुनेछ। यस कामलाई यस विभागबाट सकभर दिनको ७।८ डोरसम्म खटाई ज्येष्ठको पहिलो हप्ताभित्रै काठमाडौंतर्फ कार्ड बाँड्ने काम सकिने उम्मेद गरिएको छ। ललितपुर र भक्तपुरतर्फ कार्ड बाँडिने काम सकभर चाँडो हुनेछ।

खाद्यविभागबाट प्रकाश भएको नियमबमोजिम यसै इलाकाभित्र पसल राख्न खोज्नेले यही वैशाख ३० गते शुक्रबारसम्म दरखास्त गर्न आउनुहोला।

तपसील

१. शान्ति–सुरक्षासंघ कालीमाटी। २. ताहाचल सुरक्षासंघ, भिमसर्वोदयसंघ।
३. वागबजार सुरक्षासंघ सुरक्षासंघ धोबीधारा। ४. नक्साल सेवासंघ
५. कमलपोखरी रक्षासंघ. शान्ति–सुरक्षासंघ, ज्ञानेश्वर।
६. खिचापोखरी रक्षासंघ, संकटा–रक्षासंघ टेबहाल।

भोलीदेखि ३ दिन अर्थात शुक्रबारभित्र उक्त संघभित्र पसल थाप्न इच्छा हुनेले खाद्यविभागबाट प्रकाश गरिएको नियमबमोजिम खाद्यविभाग राशन फाँटमा दरखास्त गर्नुहोला।

आज्ञाले—

देवीप्रसाद गिरी, का. मु. सेक्रेटरी—खाद्यविभाग

गोरखापत्र छापाखानामा मुद्रित। सरदार विष्णुध्वज जोशी.



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।